**मिति २०७५ जेठ २२ गते बसेको ४३ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्तावहरु :**

१. बेरोजगारको सूची प्रकाशन सम्बन्धमा,
२. आयोजना सञ्चालन सम्बन्धमा,
३. योजना तथा श्रमिक छनौट सम्बन्धमा,
४. अभिमुखीकरण तालिम सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा गोदावरी नगरपालिकाका सम्पूर्ण वडाहरुबाट प्राप्त भएको बेरोजगारको सूची प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा आयोजना सञ्चालन गर्ने समय अवधि ५ (पाँच) दिन देखि ३० दिन सम्म कायम गरी २०७६/०२/२८ गते देखि सबै वडाहरुमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा कामका लागि पारिश्रमिक आयोजना अर्न्तगत प्रत्येक वडा कार्यालयबाट वडा अध्यक्षको सिफारिसमा योजना छनौट तथा उक्त योजनाका लागि आवश्यक पर्ने श्रमिकहरु छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा कामका लागि पारिश्रमिक आयोजना अर्न्तगत छनौट भएका श्रमिक समुहका नेता, वडाध्यक्ष तथा सदस्यज्यूहरुलाई १ दिने अभिमुखीकरण तालिम सञ्चालन गर्ने निर्णय गरियो ।